नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प्रेस विज्ञप्ति

यही १० अगष्ट २०१८ तदनुसार २५ साउन २०७५ मा सम्पन्न नेपाल–बंगलादेशबीच ऊर्जा क्षेत्रमा आपसी सहयोग सम्बन्धी सम्झदारी पत्रको दफा ४ मा व्यवस्था भए अनुसार उक्त सम्झौताको कार्यान्वयन पक्षलाई सहजीकरण र यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न गठित सहसचिवस्तरीय एवम् सचिवस्तरीय समितिहरुको पहिलो बैठक २०७५ साल मंसिर १७–१८ गते काठमाडौंमा सम्पन्न भएको छ । सचिवस्तरीय Joint Steering Committee को बैठक नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री अनुप कुमार उपाध्याय तथा बंगालादेश सरकारको विद्युत, उर्जा र खनिज स्रोत मन्त्रालयका सचिव डा. अहमद काइकाउसको सहअध्यक्षतामा मंसिर १८ गते सम्पन्न भयो । उक्त बैठकले मंसिर १७ गते सम्पन्न भएको सहसचिवस्तरीय Joint Working Group को बैठकले गरेका नेपाल र बंगलादेशबीच विद्युत व्यापारको सम्भावना, नेपालमा जलविद्युत विकासमा लगानीको सम्भावना, नेपाल र बंगलादेशबीच अन्तरदेशीय विद्युत प्रसारण लाइनको सम्भावना, माथिल्लो कर्णाली जलविद्युत आयोजनाबाट बंगालादेशले आयात गर्ने ५०० मेगावाट विद्युत तथा नेपाल र बांग्लादेशबीचमा नवीकरणीय ऊर्जाको क्षेत्रमा सहयोग गर्ने सम्बन्धी निर्णयहरुको अनुमोदन गरियो ।

बैठकले विशेषगरी, नेपाल र बंगलादेशबीच विद्युत व्यापारको सम्भावना खोज्न दुवै देशहरूले आफ्नो दीर्घकालीन योजनाको समीक्षा गर्ने र नेपालमा लगानी योग्य सम्भावित जलविद्युत् आयोजनाहरूको पहिचान गर्न दुबै देशबाट तीन तीन सदस्य रहने गरी संयुक्त प्राविधिक टोली (उत्पादन) गठन गरी एक महिना भित्र टोलीका सदस्यहरूको नाम एक अर्कालाई उपलब्ध गराउने सहमति भएको छ । त्यसैगरी, नेपाल र बंगलादेशबीच अन्तरदेशीय विद्युत प्रसारण लाइनको सम्भावना बारे अध्ययन गर्न दुबै देशबाट तीन तीन सदस्य रहने गरी संयुक्त प्राविधिक टोली (प्रसारण) गठन गरी एक महिना भित्र टोलीका सदस्यहरूको नाम एक अर्कालाई उपलब्ध गराउने तथा नेपाल-भारत र भारत-बंगलादेशबीच रहेको यसै प्रकारको संयुक्त समितिको आगामी बैठकहरुमा अन्तरदेशीय प्रसारण लाइन सम्बन्धी त्रिपक्षीय व्यवस्था गर्नको लागि आफ्नो आफ्नो तर्फबाट प्राथमिकताकासाथ सो विषयको उठान गर्ने बारे पनि सहमति भएको छ ।

मिति: २०७५।०८।१८

दिनेशकुमार घिमिरे
सहसचिव तथा प्रवक्ता